नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/१/०७८/७९ मिति: २०७८/०४/११

**इजाजतपत्रप्राप्त "घ"वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

**(देव कुमार ढकाल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ

# नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| क्र.स. | निर्देशन नं. | निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/नयाँ थप व्यवस्था |
|---|---|---|---|
| १. | नि.नं १ को बुँदा नं ११ मा खण्ड (ग) मा संशोधन । | ११. लाभांश वितरण सम्बन्धी व्यवस्था:<br>इजाजतपत्रप्राप्त संस्थाहरुले आर्थिक वर्ष २०७६/७७ को खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म मात्र नगदलाभांस घोषणा तथा वितरण गर्न पाउने छन्।<br>तर,<br>(क) यस्तो नगद लाभांश इजाजतपत्रप्राप्त संस्थाको २०७७ असार मसान्तमा कायम बचत/निक्षेपको भारित औसत ब्याजदरको प्रतिशत भन्दा बढी हुने छैन ।<br>(ख) खुद वितरणयोग्य मुनाफा कुल चुक्ता पुँजीको ५ प्रतिशतभन्दा कम भएका इजाजतपत्रप्राप्त संस्थाले कर प्रयोजनका लागि बाहेक नगद लाभांस वितरण गर्न पाउने छैनन् । | ११. लाभांश वितरण सम्बन्धी व्यवस्था:<br>इजाजतपत्रप्राप्त संस्थाहरुले आर्थिक वर्ष **२०७७/७८** को खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म मात्र नगद लाभांस घोषणा तथा वितरण गर्न पाउने छन् ।<br>तर,<br>(क) यस्तो नगद लाभांश इजाजतपत्रप्राप्त संस्थाको **२०७८ असार** मसान्तमा कायम बचत/निक्षेपको भारित औसत ब्याजदरको प्रतिशत भन्दा बढी हुने छैन ।<br>(ख) खुद वितरणयोग्य मुनाफा कुल चुक्ता पुँजीको ५ प्रतिशतभन्दा कम भएका इजाजतपत्रप्राप्त संस्थाले कर प्रयोजनका लागि बाहेक नगद लाभांस वितरण गर्न पाउने छैनन् ।<br>**(ग) वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा जम्मा गर्नु पर्नेछ ।** |
| २. | निर्देशन नं. २ को बुँदा २ को (क) मा प्रतिबन्धात्मक वाक्यांश थप । | **हाल नभएको ।** | **तर, कोभिड १९ महामारीको कारणले बैंकिङ सम्पत्तिको गुणस्तरमा परेको प्रभावलाई दृष्टिगत गरी समग्र वित्तीय स्थायित्व प्रवर्धन गर्न असल बर्गमा वर्गीकरण भएका कर्जाको हकमा इजाजतपत्रप्राप्त संस्थाले आ.ब. २०७७/७८ को वार्षिक वित्तीय विवरण तयार गर्दादेखि साधारण कर्जा नोक्सानी व्यवस्था १ प्रतिशतको अतिरिक्त ०.३ प्रतिशत थप गरी कुल १.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।** |

# नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| | | | |
|---|---|---|---|
| ३. | निर्देशन नं. ६ को बुँदा नं. ५ को पहिलो अनुच्छेद संशोधन । | **कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा :**<br>संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कर्मचारीको कुल तलबभत्ता खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ : | **कर्मचारीहरुको दक्षता अभिवृद्धि सम्बन्धमा:**<br>संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कर्मचारीको कुल तलबभत्ता खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । **तर, यो व्यवस्था आर्थिक वर्ष २०७७/७८ को लागि अनिवार्य हुने छैन ।**<br>यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ : |
| ४. | नि.नं. ६ को बुँदा नं. १४ को उपबुँदा (आ) हटाउने । | १४. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा :<br>संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन वार्षिक देहायबमोजिमको रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>(अ) खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम ।<br>(आ) वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको २५ प्रतिशतले हुन रकम । | १४. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा :<br>संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन वार्षिक देहायबमोजिमको रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ। सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>(अ) खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम ।<br>**(आ) हटाइएको ।** |